नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७९।०१।१५**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९।१।१२ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**
Gobindram Sajnani को नाति बुवा Parshottam Sajnani र आमा Jayashree Parshottam Sajnani को छोरा वर्ष ४५ को Villa No. 6 Hattan 2, The Lakes Dubai मा बस्ने इमेल ठेगाना satish@vtacexports.com राहदानी नं. Z5314740 भएको भारतिय नागरिक SATISH PARSHOTTAM SAJNANI सतिस परषोत्तम सजनानी ।

२. **कसुरको संक्षिप्त विवरणः** सुराकीले दिएको विशेष सूचनाको आधारमा मिति २०७८।११।१० गते अन्दाजी १४:३५ बजे फ्लाई दुवाईको उडान नं FZ540 द्वारा काठमाडौंबाट दुवाई जान लागेका यात्रु भारतीय नागरिक राहदानी नं. Z5314740 वाहक SATISH PARSHOTTAM SAJNANI ले लिईआएको कालो निलो र सुन्ताला रंगको ह्याण्ड ब्यागलाई यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ह्याण्ड ब्यागेज चेकिङ एरियाको X-Ray Machine Area मा चेकजाँच गर्ने क्रममा निजले बोकी आएको ह्याण्ड ब्यागभित्र Saudi German Health लेखिएको सेतो प्लाष्टिक भित्र अमेरिकी डलर १००।- दरको थान २०१(दुईसय एक) र ५०।- दरको थान १(एक) गरी जम्मा अमेरिकी डलर २०,१५०।- (बिस हजार एक सय पचास मात्र) र नेपाली रुपैयाँ १०००।- दरको थान २६, ५००।- दरको थान ११, ५०।- दरको थान २ ले जम्मा नेपाली रुपैया ३१६००।- (एकतीस हजार छ सय रुपैया मात्र) इङ्ल्याण्ड पाउण्ड ५।- दरको थान १ ले पाउण्ड ५/- (पाँच), जर्जिया लारी ५०। दरको एकले लारी ५०।-(पचास), भारतिय रुपैया १०० दरको थान १ ले जम्मा भारु १००।-(सय), युएई दिराम ५००।- दरको थान २, १००।- दरको थान ३, ५०।- दरको थान १, ५ दरको थान १ ले जम्मा युएई दिराम १,३५५।- (एक हजार तीन सय पचपन्न) लुकाई छिपाई अवैध रुपमा बाहिरी मुलुकतर्फ लैजान लागेको अवस्थामा फेला पारी आवश्यक अनुसन्धान तथा कारवाहिको लागि अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाडौको च.नं. ३४५३ मिति २०७८।११।११ को पत्रबाट मानिस सहित दशी समेत यस विभागमा पेश गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** नेपाल राष्ट्र बैंकको मिति २०७५/१२/२६ को सूचना को दफा ४ बमोजिम कुनै बिदेशी नागरिकले नेपालवाट बाहिरिँदा प्रतिव्यक्ति अमेरिकी डलर ५००० बरावरको बिदेशी मुद्रा सम्म साथमा लैजान पाउने देखिएता पनि निज प्रतिवादी SATISH PARSHOTTAM SAJNANI ले अनुसन्धान अधिकारी समक्षको वयानमा बरामदित मध्ये २००० डलर र अन्य मुद्रा मात्र आफ्नो हो भनी बयान गरेको देखिदा निज प्रतिवादीसंग बरामदी बिदेशी मुद्रा मध्ये २००० डलर र अन्य मुद्रामात्र नेपाल राष्ट्र बैंकले तोकेको सूचना को दफा २ र दफा ४ बमोजिम छुट पाउने देखियो बाँकी रहेको निजसंग बरामदी अन्य मुद्रा अवैध रुपमा बिदेश लैजाने लागेको पुष्टि हुन आयो । आफूसंग पक्राउ पर्दा नेपाल राष्ट्र बैंकको वेव साइड विक्रिदर अमेरिकी डलरको १८१५० का दरले ११९.५२ जम्मा ने.रु. २१,६९,२८८।- र ने.रु. ३१,६००।- गरी

खुली कूल विगो रकम ने.रु.२२,००,८८८।- (बाइस लाख आठ सय अठासी रुपैयाँ मात्र) वरावरको रकम साथमा लगेको अवस्थामा पक्राउ परेको र यसरी निज प्रतिवादीले अवैध बिदेशी मुद्रा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३(१), ४(१), ५ तथा ऐ.ऐनको दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले जारी गरेको माथि उल्लेखित सूचना समेतको विपरीतको कसुर अपराध हुँदा निज प्रतिवादीउपर नेपाल राष्ट्र बैंकले वरामदित दिनमा तोकेको सटही बिक्रीदर अनुसार प्रतिवादीको साथबाट ने.रु. २२,००,८८८/- (बाइस लाख आठ सय अठासी रुपैयाँ मात्र) विगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) अनुसार जरिवाना हुन तथा ऐ दफा १७(१) बमोजिम बरामद प्रतिबन्धित विदेशी मुद्रा जफत हुन समेतको मागदावी लिइएको छ। साथै प्रस्तुत वारदातमा अन्य कोहि कसैको संलग्नता रहेको भनी एकिन नाम थर वतन खुली पक्राउ परी आएका वखत मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३५ बमोजिम थप दावी लिइने र प्रतिवादीवाट वरामद भएको डलर मध्ये २००० अमेरिकी डलर तथा अन्य विदेशी मुद्रा नेपाल राष्ट्र वैकको मिति २०७५।१२।२६ को सुचनाले वैध हुदा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको निर्णय बमोजिम सो डलर तथा अन्य विदेशी मुद्रा प्रतिवादीलाई फिर्ता दिएको भरपाई मिसिल संलग्न रहेको र सो बापत यस विभागमा प्रतिवादीबाट लिइएको धरौटी रु.८,५८,३५५।-(आठ लाख अन्ठाउन्न हजार तीन सय पच्पन्न रुपैयाँ) जिल्ला सरकारी वकिल कार्यालय काठमाडौको निर्णय र यस विभागको स्विकृत प्रतिवेदन बमोजिम समेतबाट प्रतिवादीलाई फिर्ता दिन यस विभागको लेखा शाखामा पत्राचार भएको, सो चेक बनेपछि प्रतिवादीलाई फिर्ता दिएको भर्पाई सम्मानित अदालतमा प्रस्तुत गरिने छ। बाँकी धरौटी रु.६६,२९,१४५।- (छैसठ्ठी लाख उनान्तीस हजार एक सय पैतालिस रुपैयाँ मात्र) सम्मानित अदालतको धरौटी खातामा सार्न लेखा शाखामा पत्रचार समेत भई पत्र मिसिल संलग्न रहेको व्यहोरा अनुरोध गर्दै सक्कल मिसिल, प्रतिवादी र दशि प्रमाण खण्डमा उल्लेखित दशि यसै साथ पेश गरिएको व्यहोरा अनुरोध छ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**